annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२१, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ पुस २०८२ | पौष कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | FRIDAY, DECEMBER 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# एमालेमा ओलीको 'ह्याट्रिक', यी हुन सारथी



केपी शर्मा ओली
अध्यक्ष : १,६६३

पार्टीको बागडोर फेरि केपी ओलीलाई नै सुम्पिँदै एमालेको ११ औं महाधिवेशन सम्पन्न भएको छ। आन्तरिक लोकतान्त्रिक अभ्यासबाट नेतृत्व चयन गरिए पनि ओलीकै बर्चस्व हुने गरी नेतृत्व चयन भएको छ। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल समूहबाट दुई पदाधिकारी र केही केन्द्रीय सदस्य मात्रै निर्वाचित भएका छन्।



पृथ्वीसुब्बा गुरुङ
उपाध्यक्ष : १,७३७



विष्णुप्रसाद पौडेल
उपाध्यक्ष : १,६७५



रामबहादुर थापा 'बादल'
उपाध्यक्ष : १,५१६



गोकर्णराज विष्ट
उपाध्यक्ष : १,३६८



रघुजी पन्त
उपाध्यक्ष : १,२५८



शंकर पोखरेल
महासचिव : १,२२८



लेखराज भट्ट
उपमहासचिव : १,४५२

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २



रघुवीर महासेठ
उपमहासचिव : १,३६८



योगेश भट्टराई
उपमहासचिव : १,३४८



महेश बस्नेत
सचिव : १,५४४



पद्माकुमारी अर्याल
सचिव : १,५३०



छविलाल विश्वकर्मा
सचिव : १,५०६



शेरधन राई
सचिव : १,५०३



खगराज अधिकारी
सचिव : १,३३१



हिक्मतकुमार कार्की
सचिव : १,३३७



यमलाल कँडेल
सचिव : १,१८५



राजन भट्टराई
सचिव : १,१८१



भानुभक्त ढकाल
सचिव : १,१०८

सुप्रिम ठगी प्रकरण

# रवि लामिछानेलाई सर्तसहित थुनामुक्तको आदेश

**सलमान खान** | *भैरहवा*

बुटवलस्थित सुप्रिम सहकारी संस्थाको रकम ठगी र संगठित अपराधको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई उच्च अदालत तुलसीपुर बुटवल इजलासले सर्तसहित थुनामुक्ता गर्न आदेश दिएको छ।

उच्च अदालतका न्यायाधीशद्वय वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले जिल्ला अदालत रूपन्देहीले थुनछेकको क्रममा माग गरेको १ करोड धरौटी, लामिछाने पेस गरेको बिगो बराबरको २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत र कागज गराएर थुनामुक्त गर्न बिहीबार आदेश दिएको हो।

लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीले बिगो बराबरको रकम बुझाएर थुनाबाहिर बसेर मुद्दाको पुर्पक्ष गर्न पाउनुपर्ने मागसहित दिएको रिट निवेदनलाई जिल्ला अदालतले दुवै प्रतिवादीको हकमा भागमा कति बिगो कायम हुने भन्ने नै यकिन नभएकाले



रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश गरेको थियो। जसपश्चात् दुवै जनाले उच्च अदालत तुलसीपुर बुटवल इजलासमा निवेदन दिएका थिए।

'प्रतिवादी (लामिछाने) ले बिगोको हकमा दामासाहीले हुने रकम जमानत दिई बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखियो', आदेशमा भनिएको छ, 'बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता देखिँदा निजले दिएको बैंक जमानत निम्न शर्तमा स्वीकार गरी मुद्दाको कारबाही अगाडि बढाउनू।'

अदालतले ५ वटा सर्तसहित लामिछानेलाई थुनामुक्त गर्न आदेश गरेको हो। इजलासले जिल्ला अदालतमा थुनछेकको क्रममा माग गरेको धरौटी रकम (१ करोड) स्वीकार गर्ने, निवेदन साथ पेस गरेको बैंक जमानत २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बिगोका हकमा सुरक्षित गर्ने, व्यक्तिगत वा संस्थागत रूपमा विदेश यात्रा गर्नु परेमा अदालतलाई पूर्वजानकारी दिने, जिल्ला अदालतको ०८२ साउन २६ को आदेश बदर, अदालतबाट फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा साथै फैसलाले बिगोका हकमा थप दायित्व सिर्जना गरेमा तिर्न बुझाउन मञ्जुर भए सोको कागज गरी लामिछानेलाई प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त गर्ने' सर्तसहित धरौटी स्विकार गर्ने आदेश गरेको छ।

मुद्दामा प्रतिवादी रहेका जोशी थुनामै रहने भएका छन्। जोशीले उच्च अदालतमा दिएको निवेदन रितपूर्वक पेस नभएकाले इजलासले सक्कल प्रमाणसहित निवेदन दिएमा पुन:विचारका लागि सक्कल मिसिल जिल्ला अदालतमा पठाउन आदेश दिएको छ।

बाँकी पृष्ठ ६

## ताइवानलाई ११ अर्ब डलरका हतियार बिक्री गर्ने अमेरिकाको घोषणा

**वासिङ्टन डिसी** (एजेन्सी) : ट्रम्प प्रशासनले ताइवानलाई करिब ११ अर्ब अमेरिकी डलर (८.२ अर्ब पाउन्ड) बराबरका ठूलो मात्रामा हतियार बिक्री गर्ने घोषणा गरेको छ। यसमा उन्नत रकेट प्रक्षेपक, स्वचालित तोप (सेल्फ-प्रोपेल्ड हाउइट्जर) तथा विभिन्न प्रकारका मिसाइलहरू समावेश छन्।

अमेरिकी कंग्रेसबाट स्वीकृति पाउन बाँकी रहेको यो प्याकेज, जनवरीमा डोनाल्ड ट्रम्प ह्वाइट हाउस फर्किएपछि ताइवानलाई गरिएको दोस्रो हतियार बिक्री हो। स्वशासित ताइवानलाई आफ्नै अलग भएको प्रान्त ठान्ने चीनले यस कदमको निन्दा गर्दै यसले 'चीनको सार्वभौमिकता, सुरक्षा र भौगोलिक अखण्डतालाई गम्भीर रूपमा कमजोर पार्ने' प्रतिक्रिया दिएको छ।

ताइवानको रक्षा मन्त्रालयले भने अमेरिकालाई धन्यवाद दिँदै यो सम्झौताले द्वीपलाई छिटो र बलियो प्रतिरोधात्मक क्षमता निर्माण गर्न सहयोग पुग्ने जनाएको छ। अमेरिकाको औपचारिक कूटनीतिक सम्बन्ध बेइजिङसँग छ, ताइवानसँग होइन। यी दुईले दशकौंदेखि कूटनीतिक सन्तुलन कायम गर्दै आएका छन्। तर, अमेरिका ताइवानको शक्तिशाली सहयोगी र सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता रहँदै आएको छ। हालैको हतियार बिक्रीले बेइजिङलाई झन् रुष्ट बनाएको छ। पछिल्ला वर्षहरूमा चीनले सैन्य अभ्यास तथा ताइवानका जलक्षेत्र र आकाश क्षेत्रमा नियमित प्रवेश गरेर दबाब बढाउँदै आएको छ।






# अध्यादेशमार्फत निर्वाचन कानुन किन संशोधन ?

**राजकरण महतो** | *काठमाडौं*

प्रतिनिधिसभा निर्वाचनअन्तर्गतको समानुपातिक निर्वाचन प्रणालीतर्फ नयाँ जनसंख्याका आधारमा समावेशी समूहको प्रतिनिधित्व गराउन निर्वाचन कानुन संशोधन गर्न लागिएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची १ लाई संशोधन गर्न सरकारले निर्वाचनसम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले सो अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए।

'२०७८ को जनगणनाको प्रतिवेदन बमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची १ लाई संशोधन गर्न लागिएको छ,' उनले भने।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन ऐन २०७४ अनुसूची–१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख छ। फागुन २१ गतेको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशत गर्नुपर्ने भएकाले निर्वाचन आयोगले सरकार समक्ष कानुन संशोधन गर्न माग गरेको थियो।




सरकारले सिफारिस गरेको निर्वाचनसम्बन्धी अध्यादेश राष्ट्रपति पौडेलले जारी गरेपश्चात् आयोगले त्यसलाई कार्यान्वयनमा ल्याउने प्रवक्ता भट्टराईले जनाए।

२०७८ को जनगणनाअनुसार जनसंख्याका आधारमा समावेशी समूहतर्फ सिट निर्धारण गर्न सरकारले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाषकुमार भट्टराईको संयोजकत्वमा मंसिर २५ गते अध्ययन समिति गठन गरिएको थियो। अध्ययन समितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय तथ्यांक कार्यालयका प्रतिनिधि थिए।

समितिले सरकारलाई बुझाएको प्रतिवेदनका आधारमा फागुन २१ हुने प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसंख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्ने छन्। बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसंख्याको आधारमा दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारू, मुस्लिमसमेतको समानुपातिक प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम तयार गर्नुपर्छ।